२.जि.स.स.को कार्यालयको न्यूनतम कार्यक्रम एवं बजेट व्यवस्थापन सम्वन्धमा ।

छलफल एवं निर्णयहरु :

१.यस जि.स.स.को कार्यालय डडेल्धुरामा कार्यरत कार्यालय सहयोगीहरुले रातीको समयमा कार्यालय परिसर सुरक्षार्थ पालो पहरा गर्दै आईरहेकोमा कार्यालयले राती पालो पहरा वसेको अभिलेखका आधारमा उक्त कार्य वाफत प्रति दिनको रु ७५। पचहत्तर सम्मको खाजा उपलव्ध गराउन कार्यालयको अनिवार्य दायित्व शीर्षकवाट उक्त कार्य गरे वाफत सम्वन्धित चिया नास्ता पसललाई सो रकम भुक्तानी दिन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

२. यस जि.स.स.कार्यालयको बा.२ भ ३१६२ नम्वरको जिप गाडीका ४ वटै टायर पुरानो भै समय समयमा मर्मत गर्दै आईरहेकामा धैरै पटक मर्मत भै सकेको हुदा कार्यालयको दैनिक कामकाजमा जुनसुकै बेलामा अवरोध हुन सक्ने समस्या देखिएको हुदा कार्यालयको उपयुक्त शिर्षकवाट उक्त गाडीका ४ वटै नयां टायरको व्यवस्था गरी आवश्यक मर्मत सम्भार गर्ने, कार्यालयका मोटरसाईकलहरु मर्मत गराई उपयुक्त अवस्थामा राख्ने तथा अन्य उपकरणहरु आवश्यक मर्मत सम्भार गरी संचालन योग्य बनाउन जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

३.अमरगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय डडेल्धुराको आ.व.०७९/०८० च.नं.१३३ मिति २०७९।०४।१८ गतेको प्राप्त पार्किङ्ग स्थल उपलव्ध गराईदिने पत्र सम्वन्धमा यस कार्यालयको परिसर भित्र कार्यालयकै कृयाकलापहरु संचालनमै रहिरहेको हुदा पार्किङ्गको व्यवस्था गर्न सकिने अवस्था नरहेको अवस्था छ । हाल राष्ट्रिय भूमि आयोग,जिल्ला समिति डडेल्धुराले प्रयोगमा ल्याउदै आएको भवन अगाडी उक्त कार्यालयका अन्य सवारी साधन वाहेक २४ सै घण्टा प्रयोगमा आउन सक्ने दमकलको व्यवस्था का लागि अर्को व्यवस्था नभए सम्म उक्त स्थान उपलव्ध गराउने निर्णय गरियो ।

४. अमरगढी नगरपालिका नगरकार्यपालिकाको कार्यालय डडेल्धुराको आ.व.०७९/०८० च.नं.२३ मिति २०७९।०४।०४ गतेको प्राप्त मोटरसाईकिल उपलव्ध गराईदिने पत्र सम्वन्धमा छलफल हुदा यस कार्यालयको केहि मर्मत पश्चात संचालनमा आउने वा.१ ब. ८८८९ नम्वरको मोटरसाईकिल अमरगढी न.पा.लाई हस्तान्तरण गर्न जि.स.स.को कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

५.यस चालु आ.व.०७९/८० को लागि यस जि.स.स.को कार्यालयलाई प्राप्त कार्यक्रम तथा बजेट ज्यादै न्युन प्राप्त भएको अवस्था छ । यस विद्यमान कार्यक्रम एवं बजेटवाट चालु.आ.व. सहज रुपले संचालन गर्न कठिनाई भैरहेको परिप्रेक्षमा थप कार्यक्रम एवं बजेट व्यवस्थापन गर्न श्री प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका सम्वन्धित निकायमा ध्यानाकर्षण गरी उक्त सन्दर्भमा थप कार्यक्रम एवं बजेट व्यवस्था मिलाउन यस समिति (वोर्ड) का समन्वय प्रमुख श्री गगन सिंह भण्डारीज्युको नेतृत्वमा समितिका नौ सदस्यीय टोली काठमाण्डौ जाने र सो का लागि दै.भ्र.भ. स्विकृत गर्ने निर्णय गरियो ।